नयाँ बजेटमा तलब बढ्ने आशमा सरकारी कर्मचारी

विराटनगर/आर्थिक वर्ष २०८२/०८३ को बजेट आउन एक साता बाँकी छदा सर्वसाधारणदेखि कर्मचारी, उद्योगी र व्यवसायीसम्मले त्यसप्रति विभिन्न खालका चासो र अपेक्षा व्यक्त गरिरहेका छन् । बजार मूल्य लगायतलाई प्रभावित गर्ने भएर खास गरी निजामती कर्मचारीहरूको तलब, भत्ताका विषयमा बजेटले के बोल्छ भन्नेमा धेरैको चासो देखिन्छ । निजामती कर्मचारीका सङ्गठनहरूले तलब र भत्ता वृद्धि लगायतका विषयमा अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाउदै औपचारिक ध्यानाकर्षण पनि गराइसकेका छन् । तलब प्रत्येक तीन वर्षमा पुनरावलोकन गर्नुपर्ने व्यवस्था रहेकोमा सरकार अथवा अर्थ मन्त्रालयले भने बढाइने वा नबढाइनेबारे सार्वजनिक रूपमा केही बोलिसकेका छैनन् ।

कानुनमा के छ ?

निजामती सेवा ऐन, २०४९ अनुसार सरकारले प्रत्येक तीन वर्षमा तलब, भत्ता पुनरवलोकन गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा २७ उपदफा १ को 'क'अनुसार निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नका लागि अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहने गरी सरकारका मुख्य सचिवको अध्यक्षतामा पुनरावलोकन समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीका आधारमा महंगी भत्ता निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गर्छ । सो समितिले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, कुल दरबन्दी संख्या र विगत तीन वर्षमा मूल्यसूचीका आधारमा प्रदान गरिएको महंगी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरवलोकन गर्ने ऐनमा उल्लेख छ । समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न र सम्बन्धित क्षेत्रका विशेषज्ञ वा सरोकारवालाबाट सुझाव लिन पाउने व्यवस्था छ ।

नेपाल सरकारले उपदफा (१क) बमोजिम समितिको सिफारिसका आधारमा प्रत्येक वर्ष वृद्धि हुने उपभोक्ता मूल्यसूचीको ७५ प्रतिशतसम्म रकम प्रत्येक वर्ष भत्ताका रूपमा निजामती कर्मचारीलाई प्रदान गर्न सक्ने छ । त्यसरी प्रदान गरिएको भत्ता रकम सुरु तलब स्केलको २५ प्रतिशत वा सोभन्दा बढी हुन गएको वर्षमा २५ प्रतिशत रकम तलबमानमा समायोजन गरी बाँकी रकम भत्ताका रूपमा प्रदान गर्न सक्ने विषय ऐनले भनेको छ ।

कर्मचारी के भन्छन् ?

नेपाल निजामती कर्मचारी संगठनकी अध्यक्ष भवानी न्यौपाने दाहालले अर्थमन्त्री विष्णु पौडेललाई भेटेर आफूहरूले न्यूनतम तलबमा वृद्धिका साथै अरू सेवासुविधा हेर्न पनि ध्यानाकर्षण गराएको बताइन् । 'अर्थमन्त्रीज्यूले राज्यको ढुकुटी हेरेर के गर्न सकिन्छ त्यसबारे विचार गरौंला भन्नुभएको छ । यसपालि विचार गर्नुपर्ने समय हो भन्ने सङ्केत गर्नुभयो,' उनले भनिन्, 'आम्दानी र बजार भाउ हेरेर पुनरावलोकन गर्नुपर्ने हो । केही न केही पक्कै होला भन्नेमा हामी आशावादी छौं ।'

राज्यले हाल दिदै आएको तलब, सुविधाले जनजीविका धान्न गाह्रो भएको निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको अर्थ मन्त्रालयस्थित विभागीय कार्यसमितिका अध्यक्ष सूर्यबहादुर कुँवर बताउँछन् । उनका अनुसार लगानीबाहेक राज्यका अरू आन्तरिक र बाह्य परिसूचकहरू सकारात्मक देखिएका बेला बढाउनुपर्छ भनेर माग गरिएको हो । 'विद्यमान व्यवस्थाअनुसार यसपालि बढाउनुपर्ने चाहिँ हो । हुन त कतिपय विषय स्रोतसापेक्ष पनि हुन्छन् । तर बढ्छ भन्नेमा हामी आशावादी छौं,' कुँवरले भने । अर्थतन्त्रका परिसूचकहरू सकारात्मक हुँदा विगतमा तीन वर्ष नकुरी बीचमै सरकारले बढाएका उदाहरण पनि रहेको उनी सुनाउँछन् ।

सरकार के भन्छ ?

कर्मचारी सङ्गठनका पदाधिकारीहरूका अनुसार सरकारले बजेटमार्फत तलब, भत्तामा वृद्धि हुन्छ वा हुन्न भन्ने जबाफ दिएको छैन । तर यसपालि पुनरावलोकन गर्नुपर्ने समय आएकाले त्यो अभिभारा रहेको अर्थमन्त्रीले बोलेको मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारी बताउँछन् ।

यद्यपि वृद्धिको कुरा केही पक्षमा निर्भर गर्ने उनको तर्क छ- 'मुख्य चाहिँ स्रोत व्यवस्थापनको कुरा हो । तर स्रोत व्यवस्थापन गर्दै जाँदा, हाम्रा प्राथमिकताहरूमा विनियोजन गर्दै जाँदा कति के हुन्छ त्यसमा निर्भर गर्छ । त्योअनुसार विश्लेषण गरेर बढाउने वा नबढाउने हुन सक्छ ।'

'अहिलेसम्म केही न केही सम्बोधन भएको अवस्था छ । तर बाध्यकारी हुन्छ भन्ने छैन । कानुनले पनि त अर्थ मन्त्रालयलाई सुविधा दिएको छ जस्तो कि विनियोजन भएकै रोक्का गर्ने, घटाउने कुरा हुन्छ । राजस्व त अनुमान न हो । यथार्थमा कति हुन्छ त्यसका आधारमा निर्णय गर्ने अधिकार कानुनले दिएकाले कोषले कस्तो कार्यादेश दिन्छ, स्रोतको अवस्था कस्तो रहन्छ भन्नेमा निर्भर गर्छ' उनले भने ।

विगतमा के भएको थियो ?

नयाँ संविधानले गरेको व्यवस्थाबमोजिम हरेक वर्ष जेठ १५ गते बजेट घोषणा हुने गर्छ । विगतमा १० देखि २५ प्रतिशतसम्म कर्मचारीको तलब, भत्तामा वृद्धि भएको उदाहरण रहेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारी बताउँछन् । सन् २०१६ मा तात्कालिक अर्थमन्त्री विष्णु पौडेलले बजेटमार्फत् कर्मचारीको तलब २५ प्रतिशतले बढाएका थिए ।सन् २०१९ मा अर्थमन्त्री युवराज खतिवडाले बजेटमार्फत् १८-२० प्रतिशत तलबमा वृद्धि गरे भने सन् २०२१ मा फेरि अर्थमन्त्री पौडेलले २,००० रुपैयाँले तलब बढाए । सन् २०२२ मा अर्थमन्त्री जनार्दन शर्माले निजामती कर्मचारीको तलब १५ प्रतिशतले वृद्धि गरे । त्यसपछि सन् २०२३ मा अर्थमन्त्री प्रकाशशरण महत र सन् २०२४ को बजेटमा अर्थमन्त्री वर्षमान पुनले कुनै परिवर्तन गरेनन् । बीबीसी

प्रदेश कुस्तीको उपाधि मोरङलाई

विराटनगर(उस)/झापास्थित गौरादहमा सम्पन्न प्रथम कोशी प्रदेश स्तरीय कुस्ती प्रतियोगिताको उपाधि मोरङले जितेको छ ।

जेठ ४ देखि ६ गते सम्म गौरादह कभर्ड हलमा भएको प्रतियोगिताको विभिन्न तौल समूहमा ९ पदक सहित मोरङले उपाधि जितेको हो । प्रतियोगितामा ५ पदक सहित झापा दोस्रो र ३ पदक सहित सुनसरी तेस्रो भएको छ ।

प्रतियोगितामा महिलातर्फ मोरङले विभिन्न तौल समूहमा ५ पदक जितेको हो । मोरङका लागि ५० केजी तौलमा चानमुनी हेमरम, ५५ केजीमा सुनिताकुमारी साह, ५७ केजीमा सुप्रिया कार्की, ७२ केजीमा प्राप्ती ठाकुर र ७६ केजी समूहमा सुस्मिता राजवंशीले पदक जितेका थिए ।

महिला समूहको ५३ केजी तौल समूहमा सुनसरीकी प्रियंका सरदार, ६२ केजीमा झापाकी प्रतिमा साह, ६५ केजीमा ताप्लेजुङकी ज्योति इवारम प्रथम भए । महिला तर्फ प्रतियोगिताको उत्कृष्ट खेलाडी मोरङकी सुप्रिया

कार्की घोषित भइन् । प्रतियोगिताको पुरुषतर्फ ५७ केजी तौल समूहमा झापाका फुर्वा लामा शेर्पा, ६१ केजीमा सुनसरीका नितेशकुमार यादव, ६५ केजीमा मोरङका विकास राजवंशी, ७० केजीमा मोरङका सविन राजवंशी, ७४ केजीमा झापाका सुमन श्रेष्ठ प्रथम भएका थिए । त्यस्तै, पुरुषतर्फ ७९ केजीमा झापाका संगम मुण्डा, ८६ केजीमा दुर्गानन्द यादव, ९२ केजीमा मोरङका जयप्रकाश साह, ९७ केजीमा झापाका रिजन श्रेष्ठ र १२५ केजीमा मोरङका इन्द्र राजवंशी प्रथम भए ।

पुरुषतर्फको उत्कृष्ट खेलाडी झापाका फुर्वा लामा शेर्पा भएको जिल्ला खेलकुद विकास समिति झापाका कार्यलय प्रमुख विष्णु नेम्वाङले जानकारी दिए । जिल्ला खेलकुद विकास समिति झापाको आयोजनामा सम्पन्न प्रतियोगितामा कोशी प्रदेशको ४ जिल्लाको सहभागिता थियो ।

'बेलिब्रिज' झिकियो

खोटाङ/सगरमाथा लोकमार्गअन्तर्गत दिक्तेल-गाईघाट सडकखण्डको फोक्सिङटार भएर बग्ने सुनकोशी नदी तर्न जडान गरिएको अस्थायी बेलिब्रिज हटाइएको छ । पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने फोक्सिङटारको मोटरेबल पक्की पुल गत वर्षको बाढीले बगाएपछि अस्थायी बेलिब्रिज जडान गरिएको थियो ।

नदीमा पानीको सतह बढ्न थालेपछि बेलिब्रिज निकालिएको गाईघाट-दिक्तेल सडक आयोजनाका प्रमुख पशुपति ज्ञवालीले जानकारी दिए । सडक विभागले एक करोड दुई लाखमा बेलिब्रिज जडान तथा झिक्न निर्माण कम्पनीसंग सम्झौता गरेको थियो । (रासस)

चित्रकलाबाट मुन्दुम पदमार्गको प्रवर्द्धन

भोजपुर/सरकारले घुम्नुपर्ने १०० पर्यटकीय गन्तव्य घोषणा गरेको मुन्दुम पदमार्गका विशेषतालाई चित्रकारहरूले तस्बिरमा उतारेका छन् ।

पदमार्गको प्रवर्द्धनका लागि आयोजना गरिएको 'क्यानभास'मा टेम्केमैयुङ 'राष्ट्रिय चित्रकला कार्याशाला'मार्फत चित्रकारले यसका विशेषतालाई चित्रमा उतारेका हुन् ।

पर्यटकीयस्थल चखेवामा आयोजना गरिएको कार्याशालामा २० जना राष्ट्रिय कलाकारले पदमार्गमा देखिने रेडपाण्डा (हाब्रे), किरात संस्कृतिसँग जोडिएको तायामा खियामा, चिण्डो (वाबुक)स्थानीयको भेषभुषालाई चित्रमा समेटेका छन् ।

चित्रकलाको माध्यमबाट मुन्दुम पदमार्गको विकास, प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने लक्ष्यको क्यानभासमा टेम्केमैयुङ राष्ट्रिय चित्रकला कार्यशालाको आयोजना गरिएको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए ।

मुन्दुम पदमार्गलाई योग, ध्यान केन्द्रको रुपमा स्थापित गराउने लक्ष्य रहेको उनले बताए ।

तीनदिने कार्यशालामा बनाइएका चित्रलाई काठमाडौंमा प्रदर्शनी गरिने उनले बताए । कार्यशालाको बुधबार नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छालीको प्रमुख आतिथ्यमा समापन गरिएको हो ।

कार्यशालाका माध्यमबाट मुन्दुम पदमार्गको प्रचारप्रसारसँगै कला र सांस्कृतिको संरक्षणमा टेवा पुग्ने बताए । (रासस)

सगरमाथा आरोहण गरेका प्रहरीको पदोन्नति

काठमाडौं/विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका नेपाल प्रहरी र सशस्त्र प्रहरीका सहायक निरीक्षकद्वयको पदोन्नति भएको छ । दुवै प्रहरी सङ्गठनका प्रमुखले उनीहरूलाई नायब निरीक्षकमा पदोन्नति गरेका हुन् । सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता कालीदास धौवाजीले सशस्त्र प्रहरी सहायक निरीक्षक दन्तबहादुर छत्यललाई सशस्त्र प्रहरी नायव निरीक्षकमा विशेष बढुवा गरिएको जानकारी दिए ।

यसैगरी नेपाल प्रहरीका प्रवक्ता रमेश थापाले प्रहरी सहायक निरीक्षक कुञ्जाङ छोपेल शेर्पालाई पनि एक तह विशेष बढुवा गरिएको बताए । छत्याल र शेर्पाले हालै सगरमाथाको आरोहण गरेका हुन । (रासस)

सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशन मिति: २०८२/०२/०९

कोशी प्रदेश, संखुवासभा जिल्लाको सिलिचोङ र मकालु गाउँपालिकामा प्रस्ताव गरिएको ९.९५ मेगावाट क्षमताको इसुवा अर्धजलाशययुक्त क्यास्केड ३ जलविद्युत आयोजनाको लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभागद्वारा म्याजिक अरुण हाइड्रोपावर प्रा. लि. लाई आयोजना अध्ययनको अनुमति प्रदान गरिएको हुँदा अध्ययनको क्रममा रहेको यस जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को मस्यौदा प्रतिवेदन माथि निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा यस आयोजना क्षेत्रका स्थानीय, बुद्धिजिवी, भद्रभलाद्मी लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ । साथै आयोजनाले असर पार्न सक्ने सार्वजनिक संरचना र प्रभावित घरधुरीको विवरण (कित्ता नं) प्रभावित वडाहरुमा टाँस गरी सकिएको व्यहोरा जानकारी गराइन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२/०२/१६, शुक्रबार,
समय : १०:०० बजे
स्थान : सिलिचोङ गाउँपालिका वडा नं. ४ र ५ को सिमा क्षेत्रमा पर्ने बगुवा खोला छेउको वाङ्टाङवेशी, संखुवासभा।

आयोजक:
म्याजिक अरुण हाइड्रोपावर प्रा. लि., काठमाडौं, नेपाल।
फोन : ९८६२२८०१४३
आयोजनाको स्थानीय समन्वय तथा सम्पर्क व्यक्ति : कमल कार्की,

मध्यवर्ती क्षेत्रका नागरिकको अवस्था बुझ्दै संसदीय टोली

सुनसरी(उस)/संसदको कानून न्याय तथा मानवअधिकार समितिले आरक्ष तथा निकुञ्ज आसपासमा रहेका मध्यवर्ति क्षेत्रका नागरिकको मानवअधिकारको अवस्था बुझ्न सुरु गरेको छ। मानव र वन्यजन्तुवीचको द्वन्द्वको कारण मध्यवर्ती क्षेत्रका नागरिकको मानव अधिकार हनन हुने गरेको गुनासोका आधारमा समितिले स्थलगत अनुगमन गरी सुझाव लिन सुरु गरेको हो । बुधबार कोशीटप्पु वन्यजन्तु आरक्ष आइपुगेको टोलीले तीन दिनसम्म मध्यवर्ती क्षेत्रका स्थानीयसंग अन्तर्क्रिया, छलफल र अनुगमन गर्नेछ ।

सोही कार्यक्रम अन्तर्गत समितिले कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयमा बुधबार मध्यवर्ती क्षेत्रका स्थानीयहरुलाई भेला गराई उनीहरुको गुनासो तथा सुझाव संकलन गरेको हो । अन्तरर्क्रियामा सहभागी स्थानीयले आरक्षको क्षेत्रफल सानो हुँदा वन्यजन्तुको आतंक बढेको, पीडितले क्षतिपूर्ती र राहत पाउन झन्झटिलो प्रक्रिया रहेको गुनासो गरे ।

तीनै तहको सरकारबीच समन्वयात्मक भूमिका नहुँदा स्थानीयले आरक्षबाट लाभ लिन नसकेको उनीहरुले बताए । जंगली जनावरले दैनिकजसो दुःख दिने गरेको पीडा सुनाउँदै स्थानीयले क्षतिपूर्तीको कानुनमा सुधार गर्नुपर्ने सुझाव दिए । जंगली हात्ती, अर्नालगायत अन्य जंगली जनावरले घर भत्काइदिने, बाली खाइदिनाले दैनिक जिवनयापन कष्टकर हुँदै आएको स्थानीयवासीले गुनासो गरेका छन् । लगाएको बाली जंगली जनावरले खादा क्षतिपूर्ति पाउन समस्या भएको स्थानीय अगुवा रविन घिमिरले गुनासो गरे । 'वर्षमा एक पटक मात्र बालीको क्षतिपूर्ति दिने प्रावधान छ तर किसानले बर्षमा तीन बाली लगाउँछन्, त्यो बालीको क्षतिपूर्ति दावी गर्न पाउँदैनन्' घिमिरेले सुनाए । उनले बाली क्षतिपूर्ति नियमलाई संशोधन गर्दै सहज बनाउन सांसदहरुसँग आग्रह गरे । कोशीटप्पु वन्यजन्तु आरक्षको क्षेत्र विस्तार गरेर मात्रै कोशी टप्पुलाई संरक्षण गर्न सकिने उनले बताए ।

यस्तै स्थानीय चक्र तिम्सिनाले कोशी टप्पु वन्यजन्तु आरक्ष घरेलु छाडा जनावरले भरिएको सुनाए । जंगली जनावर हेर्न आउने पर्यटकहरु घरेलु जनावरले टप्पु भरिएपछि आउन छाडेको चरा अवलोकनकर्ताको काम गर्दै आएका तिम्सिनाले वर्तमान अवस्थाबारे बताए ।

यता आरक्षसँग सम्बन्धित ऐन कानुन नहुँदा व्यवस्थापन गर्न समस्या भएको कोशी टप्पु वन्यजन्तु आरक्षका वरिष्ठ संरक्षण अधिकृत भुपेन्द्र यादवले समितिलाई जानकारी गराए । कोशी टप्पुमा छाडा चरिचरण मुख्य समस्याको रुपमा रहेको बताउँदै संरक्षण अधिकृत यादवले विद्यमान ऐनमा छाडा जनावर नियन्त्रण गर्ने व्यवस्था नभएको,आरक्षको छुट्टै नियमावली नभएको, बालीको क्षतिपूर्ति सम्बन्धी कतिपय प्रावधानले क्षतिपूर्ती वितरणमा समस्या भएको जानकारी दिए । देखिएका कानुनी समस्याहरुलाई सम्बोधन गरिदिन उनले समिति समक्ष आग्रह गरे । कोशी टप्पु वन्यजन्तु क्षेत्र विस्तार गर्नुपर्ने आवश्यकता देखिएको उनले समितिलाई बताए ।

१० बर्ष अघिको अध्ययन प्रतिवेदनले पनि विस्तार गर्न सुझाव दिएको स्मरण गराउँदै संरक्षण अधिकृत यादवले जंगली जनावरको संख्या वृद्धिसँगै आरक्षको क्षेत्र पनि विस्तार गर्नुपर्ने बताए । स्थानीयको गुनासो पश्चात समितिले स्थलगत अनुगमन गरी ठोस योजना बनाई छलफल गर्ने समिति सभापति बिमला सुबेदीले जानकारी दिइन ।

कोशी टप्पुपछि समितिले ढोरपाटन, शुक्लाफाँटा र चितवन राष्टिय निकुञ्जका मध्यवर्ती क्षेत्रका स्थानियसँग छलफल तथा अनुगमन गरी सुझाव संकलन गर्ने कार्यक्रम रहेको समिति सदस्य रञ्जु झाले जानकारी दिइन् ।

अटिजम भएका बालबालिकाको स्वास्थ्य परीक्षण

विराटनगर(उस)/विराटनगर महानगरपालिकाले सञ्चालन गरेको 'महानगर अटिजम सेवा केन्द्र'मा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ। विराटनगर आँखा अस्पतालको प्राविधिक सहयोगमा सेवा केन्द्रमा स्वास्थ्य शिविर आयोजना गरिएको हो । शिविरमा आँखा र कानको जाँच गरिएको थियो । शिविरमा ३ जना बालिकासहित १८ जनाको स्वास्थ्य परीक्षण गरेकोमा १० जनामा आँखाको समस्या देखिएको अटिजम सेवा केन्द्रकी संयोजक रश्मी निरौलाले जानकारी दिइन् ।

त्यस्तै ६ जनामा कानको समस्या देखिएको छ । समस्या देखिएकाहरूलाई थप उपचारका लागि विराटनगर आँखा अस्पताल रेफर गरिएको उनको भनाइ थियो । महानगरको वडा नम्बर १ का अध्यक्षसमेत रहेका सामाजिक विकास समितिका संयोजक काजीबहादुर बस्नेत, स्वास्थ्य महाशाखा प्रमुख डा. दिलीपकुमार यादव, स्वास्थ्य अधिकृत रमेश कार्कीलगायतले स्वास्थ्य शिविरको अनुगमन गरेका थिए ।

शिविरमा सेवा केन्द्रका कर्मचारीहरुको समेत स्वास्थ्य परीक्षण गरिएको थियो । विराटनगर-४ दूधफारम दक्षिणमा अवस्थित केन्द्रको महानगरका मेयर नागेश कोइरालाले गत कात्तिकमा शुभारम्भ गरेका थिए । अटिजम सेवा केन्द्रमा सेवा लिने बालबालिकाहरुका लागि महानगरले निःशुल्क बस सेवासमेत सञ्चालन गरेको छ ।

सेवा केन्द्रमा फिजियोथेरापी, स्पीज थेरापी (बोल्न सिकाउने), बालबालिका र अभिभावकलाई मनोचिकित्सक सेवा प्रदान गरिदै आएको छ ।

केन्द्रभित्र ट्रेम्पोलिन, चिप्लेटी, चाकाचुली, पुल बल, रकिङ हर्स, घुम्ने पिङ, टेबल टेनिससहित आवश्यकताअनुसारका विभिन्न खेलौनाको समेत व्यवस्था गरिएको छ । सेवा केन्द्रमा हाल २० जना बालबालिकाले सेवा लिइरहेका छन् । महानगरको तथ्यांकअनुसार विराटनगर क्षेत्रभित्र ५१ जना अटिज्म भएका बालबालिका छन् ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय दमकबाट तपशिलमा उल्लेखित ऋणीहरुले व्यावसायिक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण		
नाम : **टि एस एस कोल्ड सेन्टर**	प्रोप्राइटर : हरि माया थापा	प्रा.फ.र. नं. : ७१७/१२७९२/१०/२४
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कायर्मलय, भद्रपुर झापा		दर्ता मिति : २०७६/१०/२४
फर्मको ठेगाना : झापा जिल्ला दमक न.पा. वडा नं. ६		स्थायी लेखा नं. : ३०३१०३८८७

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) टंक बहादुर काफ्लेको छोरी झरिलाल थापाको बुहारी अमरकुमार थापाको पत्नी झापा जिल्ला पथरिया वडा नं. ९ हाल, दमक न.पा. वडा नं. ६ बस्ने **हरिमाया थापा** (ना.प्र.नं. : ०३/४१०१ जारी मिति र जिल्ला : २०६३/०२/२९, झापा)

२) बिर बहादुर थापाको नाति क झरिलाल थापाको छोरा झापा जिल्ला पथरिया वडा नं. ९ हाल, दमक न.पा. वडा नं. ६ बस्ने **अमर कुमार थापा** (ना.प्र.नं. : ५७०९८/१ जारी मिति र जिल्ला : २०५१/११/३०, झापा)

३) किरण बहादुर राजवंशीको नाति गोटा राजवंशीको छोरा झापा जिल्ला पथरिया वडा नं. ९ हाल, कचनकवल गा.पा. वडा नं. २ बस्ने **उदय नारायण राजवंशी** (ना.प्र.नं. : ७०७९८८६५ जारी मिति र जिल्ला : २०४८/१२/१४, झापा)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८०/०२/१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
हरि माया थापा	झापा जिल्ला पथरिया वडा नं. २	१७९०९१९	७५४	३,३२५.००

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०२/२९ गते विहीबार यस बैंकको शाखा कार्यालय दमक आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/३० गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय दमकमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ